सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्डः ३, संख्याः२ , भागः २**

**सिलीचोङ गाउँपालिका**

प्रमाणिकरण मिति २०७६/०३/१६

## सिलिचोङ गाउँपालिकाको इन्जिनियरीङ सेवाका प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधी २०७६

**प्रस्तावनाः**

यस सिलिचोङ गाउँपालिकामा कार्यरत इन्जिनियरीङ सेवाका प्राविधिक कर्मचारीहरु कार्यालय समय तथा अतिरीक्त समय समेत फिल्डमा खटि गाउँ सभाले विनियोजन गरेका विकास आयोजनाहरुको सफल कार्यन्वयनमा निरन्तर क्रियाशिल रहनुपर्ने अवस्थालाई मध्यनजर गर्दै फिल्डमा खटिएको अवस्थामा उक्त कर्मचारीको खाना, खाजा, यातायात, संचार लगायतमा हुने अतिरीक्त खर्चलाई शोधान्तर गर्ने मनसायले

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

स्थानिय सरकार ÷संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिलिचोङ गाउँपालिकाको कार्यपालिकाबाट यो सिलिचोङ गाउँपालिकाको इन्जिनियरीङ सेवाका प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धि कार्यविधि २०७६ जारी गरीएको छ ।

**(१) संक्षीप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधीको नाम "सिलिचोङ गाउँपालिकाको इर्न्जिनियरीङ सेवाका प्राविधिक
कर्मचारीहरुको फिल्ड भत्ता सम्वन्धि कार्यविधि २०७६ रहेको छ"

(ख) यो कार्यविधी गाउँकार्यपालिकाबाट अनुमोदन भएकै दिनबाट लागु हुनेछ ।

**(२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) कर्मचारी भन्नाले इन्जिनियरीङ सेवाका स्थायी दरबन्दि भित्रका अस्थायी करार प्राविधिक
कर्मचारीलाई बुझिनेछ ।

(ख) वार्ड कार्यालय भन्नाले सिलिचोङगाउँपालिकाका ५ वटै वडा कार्यालयलाई बुझिनेछ ।

**(३) फिल्ड भत्ता रकमको व्यवस्थाः**

(क) इन्जिनियरीङ सेवाका प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता दिने प्रयोजनको लागि
गाउँसभाले एकमुष्ट रुपमा बजेटको व्यवस्था गरेको हुनुपर्नेछ ।

सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

**(४) फिल्ड भत्ताको भूक्तानीः**

(क) शिर्षकबाट देहाय बमोजिमको दरले कर्मचारीलाई एकमुष्ट रुपमा फिल्ड भत्ता भूत्ताली दिईनेछ

- अधिकृत स्तरका कर्मचारीलाई मासिक रु.१००००।-
- अधिकृत स्तर भन्दा तल्लो तहका सबै कर्मचारीलाई मासिक रु. ७५००।-

(ख) कुनै कर्माचारीले तोकिएको फिल्ड भत्ता प्राप्त गर्नको लागि मासिक रुपमा कम्तिमा ७ दिन
अनिवार्य रुपमा फिल्डमा गएको हनुपर्नेछ ।

(ग) फिल्ड भत्ता २०७५ माघ महिनाबाट भुक्तानी गरिनेछ ।

**(५) भूक्तानीको तरिकाः**

(क)कर्मचारीले कार्यालयवाट फिल्डमा खटाएकों आधिकारीक प्रमाण पेश गरेपछि मात्र भूक्तानी
दिईनेछ । वार्डमा कार्यरत कर्मचारीको फिल्ड प्रमाणित वार्ड कार्यलयबाट हुनुपर्नेछ ।

(ख) फिल्ड भत्ताको भूक्तानी वर्षको अन्तमा एकमुष्ठ वा अर्धवार्षिक वा मासिक रुपमा भूक्तानी
दिन सकिनेछ ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

(६) **समस्याको समाधानः** यस कार्यविधिको कुनै विषयमा दविधा उत्पन्न भएमा वा अन्य कुनै
सिर्जना भएमा प्रमुख प्रसासकिय अधिकृतको निणर्य अन्तिम हुनेछ ।

(७) **संशोधनः** यो कार्यविधि संशोधन कार्यपालिकाले आवश्यकतानुसार गर्न सक्नेछ ।

(८) **खारेजी र बचाउः** यस अघि इन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारीलाई भूक्तानी भएको
फिल्ड भत्ता यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**<u>आज्ञाले,</u>**
रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय